यहाँ एक साहायता कार्यक्रम पनि छ जसले व्यक्तिलाइ पुनःस्थापित हुन र आफ्नो जीवन पुनर्निर्माण गर्न मद्दत गर्छ । यो कार्यक्रमले व्यक्तिलाइ कुनै सुरक्षित बासस्थान खोज्न, चिकित्सा सेवा लिन, परामर्श, कानुनी तथा आप्रबासी सल्लाह, आर्थिक साहायता, अध्यन तथा तालिम लिन र रोजगार खोज्न सहयोग तथा सामाजिक संजाल बिस्तार गर्न सहयोग गर्दछ । रेड क्रसले यो कार्यक्रमको बारेमा थप जानकारी दिन सक्दछ ।

अस्ट्रेलियन रेड क्रसले सपोर्रट फर ट्राफिक्ड पिपल प्रोग्राम (बेचबिखन भएका मानबकालागि साहायता कार्यक्रम) संचालन गर्नको लागि डिपार्टमेन्ट अफ सोसल सर्भिसेस (सामाजिक सेवा विभाग) बाट अनुदान प्राप्त गरेको छ ।

An Australian Government Initiative

NEPALI



**थप जानकारी वा गोप्य सल्लाहको लागि अस्ट्रेलियन रेड क्रसलाइ सम्पर्क गर्नुहोस् ।**

**फो. ०३ ९३४५ १८००**
**इ. national _ stpp@redcross.org.au**

**redcross.org.au/stpp**

# अस्ट्रेलियामा आधुनिक दासत्व हुन्छ

यदि तपाँइ वा तपाँइले चिनेको कसैलाइ कार्यस्थलमा शोषण भइरहेको छ भने साहायता उपलब्ध छ ।

the power of humanity

AUSTRALIAN RED CROSS

# कार्यस्थलमा तपाँइलाइ निश्पक्ष्य ब्यवहार हुनु पर्दछ

अस्ट्रेलियामा हरेक कामदारका कानुनले संरक्षण गरेका आधारभूत अधिकारहरु हुन्छन् । यि कानुनले अन्य देशबाट आगन्तुक कामदार, जति समयको लागि वा जुन प्रबेशाज्ञामा आएका भएपनि, लगायत सबै कामदारहरुलाइ ढाकेका हुन्छन् ।

अस्ट्रेलियामा कार्यस्थलमा हुने गम्भिर शोषणलाइ अपराध मानिन्छ ।

## यदि तपाँइ वा तपाँइले चिनेको कोहि:

- काम गर्न बाध्य हुनुपर्ने
- कम बिस्राम समय लिएर लामो समयसम्म काम गर्नुपर्ने
- उपयुक्त तलब नपाउने
- रोजगारदाता वा काम लगाइदिने लाइ यात्रा, आवास, कपडा, खाना, यातायात वा कामका कागजातहरुको लागि ठूलो ऋण तिर्नुपर्ने
- आफ्नो कार्यस्थल छोड्न नपाउने वा कार्य अवस्थाका बारेमा रोजगारदातासँग सहमति गर्न नपाउने
- कार्यस्थलमा डर वा धम्कीको सामना गर्नुपर्ने जस्तै, तपाईंलाई कामबाट हटाइनेछ वा परिवारका सदस्यहरुलाइ हानी पुर्याइनेछ भनेर भनिने
- चिकित्सकलाइ भेट्न वा उपचार गराउन नपाउने
- कसैको घरमा काम गर्नुपर्ने र बिरलै बाहिर निस्कन पाउने

## साहायता उपलब्ध छ

## साहायता कसरी लिने

रेड क्रसले तपाँइलाइ सुझाब र साहायता दिन्छ र तपाँइलाइ अन्य सेबाहरुमा साहायताको लागि सिफारिस गर्न सक्दछ । दोभासेको सुबिधा उपलब्ध छ ।

**०३ ९३४५ १८०० मा फोन गर्नुहोस् वा national_stpp@redcross.org.au मा इमेल गर्नुहोस्**

तपाँइको कार्यस्थल अधिकार बारे जानकारीको लागि www.fairwork.gov.au मा जान सक्नुहुन्छ वा फेयर वर्क अम्बड्समनलाइ १३ १३ ९४ मा फोन गर्न सक्नुहुन्छ । यदि तपाँइलाइ दोभासेको आवश्यकता पर्दछ भने ट्रान्सलेटिङ तथा इन्टरप्रेटिङ सर्भिस लाइ १३ १४ ५० मा सम्पर्क गर्नुहोस् ।

यदि आपतकालिन अवस्था हो वा कसैको सुरक्षा खतरामा छ भने पुलिसलाइ ००० मा फोन गर्नुहोस् ।

सम्भावित आधुनिक दाशताको मुद्दा रीपोर्ट गर्नको लागि अस्ट्रेलियन फेडरल पुलिसलाइ १३१ २३७ मा फोन गर्नुहोस् ।